JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १७ गते सोमबार ❑ 1 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## फेवातालको क्षेत्रफल ११ हजार २ सय ५५ रोपनी ११ आना १ पैसा

### दोश्रो चरणमा तालको वास्तविक जग्गा खोजी गरिने मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

फेवातालको क्षेत्रफल ५ दशमवल ७ सय २६ वर्ग किलोमिटर अर्थात ११ हजार २ सय ५५ रोपनी ११ आना १ पैसा भएको एक अध्ययनले देखाएको छ।



फेवातालको चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिले हालै सार्वजनिक गरेको एक प्रतिवेदनमा उक्त जग्गा फेवातालमा हाल कायम गराउनु पर्ने निर्णय गरेको गण्डकी प्रदेश सरकारले आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो। पोखराको मुख्य पर्यटकीय स्थल फेवातालको चार किल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कनको कार्य सम्पन्न गरेको समितिले करिब तीन महिनामा उक्त जग्गा फेवातालमा गर्नुपर्ने राय पेश गरेको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए। पुण्यप्रसाद पौडेलको संयोजकत्वमा २०७७ कात्तिक २ गते गण्डकी प्रदेश सरकारको प्रयासमा फेवातालको चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समिति गठन भएसंगै समितिले फेवातालको चारकिल्ला समेत निर्धारण गरेको छ । फेवातालको चार किल्ला पूर्वमा 'ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौंदी–चंखपुर बीचको दम्किलो र दक्षिणमा चिसापानी रानी वन' कायम गर्ने, फेवातालको तल्लो तटीय क्षेत्र (ड्यामसाइड, रानीवन, गौरीघाट, लेकसाइड, गैराको चौतरा, सेदी, खपौंदी, लामीडाँडा, अनदु समेतको क्षेत्र) मा वर्षायामको अधिकतम पानीको किनारालाई तालको सीमाना मान्ने भएको उनले जनाए । त्यस्तै फेवातालको मुहानतर्फ मोरेबगरको माछापोखरीबाट उत्तरपूर्वतर्फ हर्पन खोला पार गरी भकुण्डेखोलाको अन्तिम घुम्ती नजिक हुँदै माझथुम ढिस्कोको दक्षिणी भागलाई छोई पूर्वतर्फ रहेको दलदले ढाप क्षेत्रलाई समेटी पामे घाँटीछिना मोटरबाटोसम्म कायम गर्न फेवातालको सीमांकन कायम गर्ने भएको मुख्यमन्त्री गुरुङले जनाए । यसरी कायम गर्दा फेवातालको सीमाना ८३° ५५' ४.७१'' पूर्वी देशान्तरदेखि ८३० ५८' १०.५२'' पूर्वी देशान्तरसम्म र २८° ११' ४४.२९'' उत्तरी अक्षांशदेखि २८०१३' ५६.२१'' उत्तरी अक्षांशभित्र फैलन जाने भएको समितिले सार्वजसनक गरेको प्रतिवेदनमा उल्लेख छ।

फेवाताल सीमारेखाको परिधि भने १८ किलोमिटर हुने भएको मुख्यमन्त्री गुरुङले जनाए । समितिले अब दोस्रो चरणमा सर्वोच्च अदालतको फैसला कार्यान्वयन तर्फ लाग्ने भएको उनलदे जनाए । नेपाल सरकारबाट पारित भएको फेवातालको परिशुद्ध तवरबाट सीमाना अंकित भएको नक्सा र वस्तुस्थिति सहित यसअघि विभिन्न निकायहरूबाट तय भएका मापदण्ड, सम्मानित सर्वोच्च अदालतको फैसला, प्राकृतिक न्यायको सिद्धान्त लगायत विषयवस्तुमा ध्यान दिई प्रचलित ऐन कानुन एवम् नीतिमा रही मापदण्ड तय गर्नका लागि पोखरा महानगरपालिकालाई निर्देशन गर्ने भएको मुख्यमन्त्री गुरुङले बताए। फेवातालभित्र परेका तथा दूषित दर्ता भएका जग्गाको लगत तयार गर्ने र त्यस्ता जग्गाको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न भूमिसुधार तथा मालपोत कार्यालय कास्कीमा सिफारिस गर्ने, फेवाताल संरक्षणका लागि दीर्घकालीन योजना बनाउन र सो कार्यका लागि थप जग्गा आवश्यक पर्ने भएमा यकीन विवरण सहित प्रस्ताव तयार गरी सुझाव दिने, फेवाताल संरक्षण सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०४/०५ को निर्णय व्यवहारमा कार्यान्वयनका लागि सम्बन्धित निकायबाट गरिनुपर्ने कार्यहरुको सम्बन्धमा आवश्यक सुझाव दिने भएको उनले बताए।

समितिले फेवा बाँधको उचाइ र वर्षाको समयमा पानीले ओगट्ने क्षेत्रफल, फेवातालका हालसम्म भएका अध्ययन प्रतिवेदनको विश्लेषण, ताल वरपर रहेका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## रवीन्द्र अधिकारी सबैको मनमा बस्न सफल नेता : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले स्वर्गीय रवीन्द्र अधिकारी सबै जनताको लोकप्रिय नेता बन्न सकेको बताएका छन्।




स्वर्गीय रवीन्द्र अधिकारीको दोश्रो वार्षिक स्मृति दिवसको अवसरमा रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले पोखराको भलाम स्थित हरिहर गुफा सन्यास आश्रममा आयोजना गरेको सहयोग सामाग्री हस्तान्तरण कार्यक्रममा वोल्दै मन्त्री गुरुङले राजनीति गर्नु ठूलो कुरा नभइ राजनीति गर्दै गर्दा जनताको मन जित्नु ठूलो कुरा भएको बताए। मन्त्री गुरुङले सवैले राजनीतिमा लागेर चुनाव जितेर सांसद र मन्त्री हुँदैमा जनताको मन जित्न र जनताले चिन्न नसक्ने वताउदै रवीन्द्र अधिकारी जनताको मन जित्न सफल नेतासमेत रहेको बताए।

सो अवसरमा वोल्दै हरिहर गुफा सन्यास आश्रमका उपाध्यक्ष अर्जुन खत्रीले रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले प्रदान गरेको सहयोग सामाग्रीले आश्रममा रहेका वृद्धवृद्धा र विद्यार्थीलाई राहत पुग्ने वताउदै सहयोग प्रति आभार प्रकट गरे । त्यस्तै रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानका अध्यक्ष विद्या भट्टराइले स्वर्गीय रवीन्द्र अधिकारी पर्यटन मन्त्री हुदाखेरी हरिहर गुफामा सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरेको र सोही अनुरुप आफू पनि संघीय संसदमा पुगेपछि उक्त क्षेत्रमा सहयोग गर्न आएको बताइन । २०७५ फागुन १५ गते हेलिकप्टर दुर्घटनामा परि मृत्यु भएका अधिकारीको स्मृति दिवसको अवसर पारी रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले पोखरा महानगरपालिका वडा नम्बर २० मा रहेको हरिहर गुफा सन्यास आश्रममा आश्रित बृद्धवृद्धा र विद्यार्थीलाई लक्षित गरी सहयोग सामाग्री प्रदान गरिएको हो।

## प्रधानमन्त्रीले पोखरा रंगशालाको निरीक्षण गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

प्रधानमन्त्री केपी शर्मा ओलीले पोखरा रङ्गशालाको निरीक्षण गर्ने भएका छन्।

यही फागुन १७ गते पार्टीको गण्डकी प्रदेशस्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्न प्रधानमन्त्री ओली पोखरा आउनुहुने भएपछि सोही अवसरमा उनलाई रङ्गशालामा स्वागत गरिने राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव रमेशकुमार सिलवालले जानकारी दिए । उनका अनुसार प्रधानमन्त्री ओलीले पोखरा रङ्गशालाभित्र निर्माणाधीन अन्तर्राष्ट्रिय फुटबल रङ्गशालासहित भलिबल कोर्ट, क्रिकेट मैदान, ब्याडमिन्टन हल, बहुउद्देश्शीय कभर्ड हल, टेनिस कोर्ट लगायतका खेल पूर्वाधारको निरीक्षण गर्नेछन्।

सिलवालले राष्ट्रिय खेलकूद परिषद्को संरक्षक रहनुभएका प्रधानमन्त्रीको भ्रमणबाट रङ्गशालामा निर्माणाधीन खेल पूर्वाधार छिटो सम्पन्न गराउन मद्दत पुग्ने विश्वास व्यक्त गरे। उनले भने, "प्रधानमन्त्रीलाई रङ्गशालाभित्र निर्माण भएको खेल पूर्वाधार देखाउने छौं, पूर्वाधारका लागि बजेट सुनिश्चितका लागि आग्रह गर्नेछौं। प्रमको भ्रमणले पोखरालाई खेलकूद पर्यटनको शहरका रुपमा विकास गर्न मद्दत पुग्ने विश्वास लिएका छौं।"

गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकूदका लागि अत्यावश्यक स्वीमिङ र सुटिङका पूर्वाधार हालसम्म निर्माण शुरु नभएकाले प्रधानमन्त्रीको ध्यानाकर्षण गराइने राखेप सदस्य राजेश गुरुङले बताए । यसअघि पोखरामा १३औं सागका केही खेल भव्यताका साथ सम्पन्न भएकामा प्रधानमन्त्रीको निर्देशनपछि राष्ट्रिय खेलकूदको भव्य तयारीका लागि सहयोग पुग्ने विश्वास लिइएको छ।

राखेप सदस्य गुरुङका अनुसार यसअघि तय भएको राष्ट्रिय खेलकूद कोरोनाका कारण निर्धारित समयमा आयोजना हुन नसकेकामा अब नयाँ मिति घोषणाका लागि प्रधानमन्त्रीको रङ्गशाला आगमनले सहज हुनेछ । प्रधानमन्त्री ओली रङ्गशाला आउने कार्यक्रम तय भएपछि गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, राखेप सदस्य सचिव सिलवाल, राखेप सदस्य राजेश गुरुङ तथा जिल्लास्थित प्रशासनिक तथा सुरक्षा निकायका प्रमुखले आइतबार साँझ रङ्गशालाको अवलोकन गरे।

प्रधानमन्त्रीको स्वागतका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाल पाँच वर्षपछि विकासशील राष्ट्रमा रुपान्तरण हुँदै

**रासस**
**काठमाडौं, १६ फागुन**

पचास वर्षदेखि अल्पविकसित राष्ट्रको समूहमा रहेको नेपाल अबका पाँच वर्षपछि विकासशील राष्ट्रमा रुपान्तरण हुने भएको छ । संयुक्त राष्ट्रसङ्घीय विकास नीति समितिको हालैको बैठकले नेपाललाई अल्पविकसित मुलुकको दर्जाबाट स्तरोन्नति हुन सिफारिस गरेसँगै गरिब देशको समूहबाट स्तरोन्नत हुन लागेको हो।

न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार राष्ट्रिय आयबाहेक समितिले निर्धारण गरेका स्तरोन्नतिका सूचकमा प्रगति भएकाले नेपाललाई स्तरोन्नतिका लागि सिफारिस गरिएको हो । स्तरोन्नतिका निम्ति आवश्यक तयारी गर्न समितिले पाँच वर्षको अवधि प्रदान गरेको छ । स्तरोन्नतिका लागि तीन वर्षअघि नै नेपालको प्राविधिक योग्यता पूरा भएको थियो। त्यतिबेला भूकम्पबाट उत्पन्न असहज परिस्थितिलाई समेत दृष्टिगत गरी तत्कालीन सरकारले स्तरोन्नतिका लागि राष्ट्रसङ्घसमक्ष सिफारिस गरेको थिएन । स्तरोन्नतिका लागि नेपालले आर्थिक क्षेत्रमा धेरै चुनौतीको सामना गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

स्तरोन्नतिमा गएपछि अल्पविकसित देशले पाउने सुविधा, अनुदान र अन्य सहुलियतपूर्ण आर्थिक सहयोग उपलब्ध गराउँदैनन् भने नेपालको निर्यात व्यापार र मध्यमस्तरका उद्योग व्यवसायलाई प्रभावित हुन नदिन नेपाल सरकारले भावी गन्तव्य योजनासहितको रणनीति तर्जुमा गरी अघि बढ्नुको विकल्प नरहेको अर्थतन्त्रका जानकार बताउँछन्।

विकासशील राष्ट्रको सूचीमा नेपाल समावेश भएपछि देशको इज्जत र प्रतिष्ठामा वृद्धि भए पनि गरिबीको दुष्चक्रबाट मुलुकलाई मुक्त गर्न तथा सहज व्यापारको वातावरण बनाउन उत्तिकै चुनौतीपूर्ण रहेको उनीहरूको धारणा छ। कोभिड-१९ का कारण जटिल परिस्थितिको सामना गरिरहेको वर्तमान विश्व अर्थतन्त्रमा दातृ राष्ट्र तथा निकायले आफ्नै आवश्यकतालाई केन्द्रमा राखेर काम गर्ने भएकाले नेपालमा लगानी गर्न र अनुदानलगायत सहयोग उपलब्ध गराउने सम्भावना कम रहेको उनीहरूको आकलन छ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्ले राष्ट्रिय आयवृद्धि प्रत्यक्ष वैदेशिक लगानीको मात्रामा पनि भारी वृद्धि भई त्यसको प्रतिफल नेपालीले प्राप्त गर्न सक्ने स्थितिको सिर्जना लगानी र अनुदान अझ प्राप्त गर्न भारत, चीन, जापान, अमेरिका, युरोपेली सङ्घलगायत नेपालको विकासका अन्य साझेदार अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग नेपालले आर्थिक सहयोग, व्यापार विस्तार एवं प्रवर्द्धनका लागि तत्काल प्रयास थाल्नुपर्ने सुझाउनुहुन्छ।

## 'राष्ट्रिय पुनःजागरणमा रेडियो नेपालको भूमिका महत्वपूर्ण'

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय पुनःजागरणमा रेडियो नेपालको भूमिका महत्वपूर्ण हुने बताए।

र ` ि ड य ा ` नेपालको तालीम शाखाले आज आयोजना गरेको 'समावेशी कार्यक्रम र समाचारका विषय छनोट र समूदायको सहभागिता' विषयक अन्तरक्रिया तथा तालीमको उद्घाटन गर्दै उनले आम नेपालीको सञ्चार माध्यमका रुपमा यसको विकास आवश्यक रहेको बताए । रेडियो नेपाललाई कसरी समावेशी बनाउन सकिन्छ भन्नेतर्फ सोच्नु अपरिहार्य भएको बताउँदै मुख्यमन्त्री गुरुङले समय सापेक्ष रुपमा अघि बढ्नुपर्ने आवश्यकता औल्याए।

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले समावेशी लोकतन्त्रलाई व्यहारमा कार्यान्वयन गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । उनले वर्तमान आवश्यकताअनुसार रेडियो नेपालले सबै जातजाति, भाषाभाषीलाई सम्बोधन गर्न सक्नुपर्ने बताए । नवीनतम प्रविधिको उपयोगमार्फत रेडियो सेवालाई समय सापेक्ष प्रभावकारी बनाउनुपर्नेमा उनको जोड थियो।

रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले सबै किसिमले रेडियो नेपाललाई समावेशी बनाउने ढङ्गबाट अघि बढिएको बताए । आधुनिक युगअनुसार रेडियो नेपाललाई विकास विकास गर्न लागिएको बताउँदै उनले रेडियो र नेपाल टेलिभिजनलाई एउटै छातामुनी लैजाने प्रयास भैरहेको जानकारी दिए । कार्यक्रममा रेडियो नेपालका तालीम प्रमुख एवं मुख्य सम्पादक जनार्दन विष्ट, रेडियो नेपाल प्रादेशिक प्रशारण कार्यालय पोखराका प्रमुख सुरेन्द्रप्रसाद यादव, कार्यक्रम अधिकृत हरि गिरीलगायतले रेडियो नेपालको अवस्थाबारे जानकारी दिए । अन्तरक्रिया एवं तालीमका क्रममा समावेशी कार्यक्रम र समाचारका विषयवस्तु छनोट र समुदायको सहभागिता विषयअन्तर्गत गुरुङ भाषाका सम्बन्धमा भाषाविज्ञ अधिवक्ता जुनाकुमारी गुरुङ र मगर भाषाका सम्बन्धमा भाषाविज्ञ सह प्रा लोकबहादुर थापाले कार्यपत्र प्रस्तुत गरेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गजुरी ब्यारेक ब्रेकर, इलाइक क्याफे संचालक क्षेत्री सामाजिक कार्यमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

गजुरी व्यारेक ब्रेकर एवं द इलाइट क्याफे संचालक युवा व्यवसायी राजु क्षेत्री समाजिक कार्यमा लाग्न थालेका छन् ।

माओबादी शसस्त्र द्धन्द्धकालमा गजुरी व्यारेक तोडेर बाहिर निस्केका हाल पोखरा २२ पुम्दी भुम्दीको विश्व शान्ति स्तुपामा क्याफे संचालन गर्दै आएका क्षेत्री छोरेपाटन माविमा अध्ययनरत आफ्ना पूर्व बिद्यार्थीहरुको सहकार्यमा सामाजिक कार्यमा लागेका हुन् ।

बाग्लुङ, बटिगार्डका बाबु गुमाएका, आमा र दाइ मानसिक सन्तुलन नभएका कारण बिचिल्लीमा परेका मनोज र बाबुराम विकको सहयोगको लागि क्षेत्री सहितको टोलीले सहयोग रकम हस्तान्तरण गरेको छ । छोरेपाटन माविका २०४९ का व्याजका पूर्व बिद्यार्थीहरुको टोलीबाट संकलन भएको १ लाख ५५ हजार रुपैया क्षेत्री सहितको टोलीले विक परिवारको घरमै पुगेर उक्त सहयोग गरेको हो । यसैबिच क्षेत्रीको टोलीलाई टाइगर ग्रुप अफ पोखरा ले ५० हजार राखेप सदस्य राजेश गुरुङले विक परिवारको सहयोगार्थ २१ हजार रुपैया शनिबार पोखरा रंगशालामा हस्तान्तरण गरेका हुन्। प्राप्त उक्त रकम समेत विक परिवारलाई हस्तान्तरण गरिएको क्षेत्रीले जनाए ।

क्षेत्रीलाई ग्रुपका अध्यक्ष नारायण शर्मा, टाइगर कप भलिवल प्रतियोगिता संयोजक नविन गुरुङ, प्रचार संयोजक रामकृष्ण ज्ञवालीले उक्त रकम सहयोग हस्तान्तरण गरेका हुन् ।

# क्लव स्तरिय टी–ट्वान्टी क्रिकेट प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

के.एन.स्पोर्टस्को आयोजनामा सोमबारदेखि पोखरामा सुपर जेनरल इन्टर क्लव टी–ट्वान्टी क्रिकेट लिग २०२१ हुने भएको छ।

पोखरा रंगशालामा संचालन हुने उत्त प्रतियोगिताको उद्घाटन खेलमा चितवन क्रिकेट संघ बिरुद्ध स्याङ्जा क्रिकेट क्लव बिच खेल हुने भएको आयोजकले जनाएको छ । सोमबार विहान ९ बजे देखि उत्त प्रतियोगिता सुरु हुने भएको आयोजक मध्यका एक प्रतिनिधि विधान श्रेष्ठले बताए । प्रधानमन्त्री केपी शर्मा ओली सोमबार पोखरा रंगशालाको अवलोकन गर्ने कार्यक्रम तय भएसंगै क्रिकेट खेल विहान ९ :०० बजे देखि १:०० बजेसम्म सक्ने गरी तयारी गरिएको श्रेष्ठले जनाए । पोखरा रंगशालामा सुइमिङपुल, सुटिङ ट्रेनिङ सेन्टर र फुटवल स्टेडिएममा फल्टलाइट आवश्यक भएकोले त्यसको लागि पनि प्रधानमन्त्री ओलीलाई रंगशालामा अवलोकन तथा भ्रमणको लागि तयारी गरिएको राखेप सदस्य राजेश गुरुङले बताए ।

प्रतियोगितामा काठमाण्डौंका दुई सहित ८ टिमको सहभागिता हुन्े भएको छ। यही फागुन २६ गतेसम्म पोखरा रंगशालामा संचालन हुने उत्त प्रतियोगितामा गण्डकी प्रदेशका ४ टिम सहित ८ टीमको सहभागिता हुने भएको प्रतियोगिताका संयोजक कमल थापाले बताए। प्रतियोगितामा चितवनको दुई टिम चितवन क्रिकेट टिम र स्टन एकेडेमी, सुपर जेनरल पोखरा ११, इपालिगन्स तनहुँ, बागलुङ क्रिकेट क्लव, स्याङ्जा क्रिकेट क्लव र काठमाण्डौंको पनि दुई टीम बालुवाटार क्रिकेट क्लव र मिक्समाण्डु क्लव सहभागि हुने भएका हुन् । प्रतियोगितामा विजेता टोलीले ५० हजार सहित ट्रफि मेडलको सा थमा प्रमाणपत्र प्रदान गरिने भएको छ। प्रतियोगिता सम्पन्न गर्न करिब ३ लाख खर्च लाग्ने आयोजकले अनुमान गरेको छ । सुपर जेनरल कम्पनीको मुख्य प्रायोजनामा खेल पर्यटन आको आधार, क्रिकेट विकासमा हाम्रो सरोकार भन्ने मुल नाराका साथ आयोजना हुने भएको हो ।

## फेवातालको...

जनप्रतिनिधि स्थानीय वासिन्दाहरू तथा ज्येष्ठ नागरिकसँगको अन्तरक्रिया, फेवातालमा मिसिन आउने खोलाहरूको अवस्थिति र आकार र दुर सम्वेदन तथा भू-भौतिक (इलेक्ट्रिकल रेसिसटिभिटी टोमोग्राफी) अध्ययन गरेर उक्त प्रतिवेदन सार्वजनिक गरेको समितिका सदस्य सचिव नापी कार्यालय कास्कीका प्रमुख नापी अधिकृत खिमलाल गौतमले बताए । हाल भएका बैज्ञानिक सिमाङ्कन तथा नक्साङ्कको आधारबाट हेर्दा १० बर्ग किलोमिटर क्षेत्रफलमा फेवाताल नभएको उनले दाबी गरे।

पौडेलको संयोजकत्वमा गठित समितिका अन्य सदस्यहरुमा पोखरा महानगरपालिका मेयर मानवहादुर जिसी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका उपसचिव भरत गौतम, नापी विभागका प्रमुख नापी अधिकृत निर्मलकुमार आचार्य, डिभिजन वन कार्यालय, कास्कीका डिभिजन प्रमुख केदार बराल, राष्ट्रिय ताल संरक्षण विकास समितिका कार्यक्रम अधिकृत प्रभा पाण्डे, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत कृष्णप्रसाद पौडेल, मालपोत कार्यालय कास्कीका नि. कार्यालय प्रमुख केशवराज सुवेदी र नापी कार्यालय कास्कीका प्रमुख नापी अधिकृत खिमलाल गौतम रहेका छन् । पोखरा महानगरका मेयर मानबहादुर जिसीले महानगरले पनि बर्खायाममा र हिउदको समयमा फेवातालको भागको अध्ययावधिक लिएको बताउदै अब फेवातालको किनाराबाट ३५ वा ६५ कति मिटर लागु गर्ने त्यसको बारेमा छिट्टैं टुंगाउने बताए । हाल फेवातालको बाध मर्मत गर्न पानीको सतह घटाएको अबस्थामा आवश्यक ठाँउमा फेवातालबाट माटो ढुंगा निकाल्ने भएको उनले जनाए।

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, १६ फागुन**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-२ बुल्दी पुल नजिक गए राति भएको मोटरसाइकल दुर्घटनामा एक युवाको मृत्यु भएको छ।

दुर्घटनामा एक युवती घाइते छन् । मृत्यु हुनेमा व्यास-२ मालेबगर बस्ने २२ वर्षीय विवेक थापामगर रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए।

दुर्घटनामा मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २० वर्षीया रजनी गुरुङ घाइते छन्। दमौलीबाट घाँसीकुवातर्फ जाँदै गरेको मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा घाइते भएका विवेकको टाउकामा चोट लागेको थियो।

विवेकको दमौली अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ। शनिबार साँझदेखि पानी परेकाले सडक चिप्लो हुँदा मोटरसाइकल दुर्घटना भएको प्रारम्भिक अनुमान छ।

# 'चौथो विरेन स्मृति १४ औं बि.टी कप' सुरु, आयोजक निलोको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**




बुद्धटोल युवा क्लब बगरको आयोजनामा पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा 'चौथो विरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगिता सुरु भएको छ।

क्लबका सल्लाहकार स्व. विरेन गुरुङको स्मृतिमा आगामी २२ गते सम्पन्न हुनेगरि 'वर्तमान आधुनिक समाजको स्वरुप, संरचना र सामाजिक ज्ञान, शिक्षा र स्वास्थ्यको लागि खेलकुद' भन्ने नारा सहित आइतबारदेखि सुरु भएको हो । नारायण गोपाल एजुकेशन एफसीलाई ५-० को फराकिलो गोल अन्तरले हराउदै उद्घाटन खेलबाट बिटी निलो दोस्रो चरणमा प्रवेश गर्यो। बिटी निलोको जीतमा सगुन शर्माले ह्याट्रिकको योगदान दिए भने दिपक तामाङ र आटिया तामाङले समान १/१ गोल गरे।

त्यस्तै दोस्रो खेलमा मयुर टाईन्म न्यूजलाई चाउथे एफसीले २-१ गोल अन्तरले पराजित गरेको प्रचारप्रसार संयोजक अमृत लामा गुरुङले जानकारी दिए । उनका अनुसार चाउथेको जीतमा कृष्ण गुरुङ र ईमोन छेत्रीले समान १/१ गोल गरे भने मयुरको तर्फबाट संजोग गुरुङले १ गोल फर्काए । त्यसैगरी मिरुवा एफसी र फिटनेश ग्रुप बिच भएको अन्तिम खेल २-२ गोलको बराबरीमा सकिएपछि ट्राईबेकरमा फिटनेश ग्रुपले ४-३ गोल अन्तरले विजयी बन्यो । यसअघि खेलमा फिटनेश ग्रुपका लागि कुमार गुरुङ र टिविन गुरुङले समान १/१ गोल गरेका थिए भने मिरुवाको तर्फबाट डेनिस गुरुङले दुई गोलको योगदान दिएका थिए। प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ३२ हजार २ सय २२ प्राप्त गर्नेछ । भने उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ८२ हजार २ सय २२ प्रदान गरिने प्रचारप्रसार संयोजक अमृत लामा गुरुङले जानकारी दिए । उनले प्रतियोगितामा विधागत पुरस्कारको व्यवस्था गरेको बताउदै उत्कृष्ट खेलाडीलाई ५ हजारद्वारा पुरस्कृत गरिने बताए । त्यस्तै उत्कृष्ट गोलरक्षक, मिडफिल्डर, डिफेन्डर र हाई स्कोररलाई जनही ३ हजार सहित ट्रफिले पुरस्कृत गरिनेछ । गुरुङका अनुसार अनुशासित एक टिमलाई नगद रु ७ हजारको साथमा शिल्ड प्रदान गरिनेछ । कुल ४२ टिमको सहभागिता रहेको उक्त प्रतियोगितामा सोमबार पहिलो चरणकै ९ खेल सञ्चालन गरिने आयोजकले जनाएको छ।

# पोखरामा नेपालकै ठुलो उपाधि राशीको फुटसल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**




राजन ब्रदरहुड र स्पोर्टस् क्यासलको आयोजनामा आगामी चैतमा नेपालकै ठुलो उपाधि राशीको खुल्ला फुटसल प्रतियोगिता हुने भएको छ।

आगामी चैत १० देखि १२ गते सम्म पोखरा महानगरपालिका ४ गणेशटोल स्थित स्पोर्टस् क्यासलमा 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारा सहित 'प्रथम राजन खुल्ला फुटसल प्रतियोगिता २०७७' आयोजना गरिने आइतबार आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी दिईएको हो।

प्रतियोगिता संयोजक राजन गुरुङले फुटबल सँगै फुटसलको विकास पुर्याउने उद्देश्य सहित सो प्रतियोगिता आयोजना गर्न लागको बताए । उनले उक्त प्रतियोगिता नेपालकै ठुलो राशीको रहेको बताउदै विजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु ३ लाख प्रदान गरिने बताए। त्यस्तै उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५० हजार प्रदान गरिनेछ। गुरुङले उक्त प्रतियोगिताबाट सर्बोत्कृष्ट बन्ने खेलाडीलाई नगद रु २५ हजारबाट पुरस्कृत गरिने बताए। उनका अनुसार विधागत तर्फ उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही १० हजार प्रदान गरिनेछ। प्रतियोगितामा नेपालका विभिन्न जिल्लाका क्लब सँगै भारतका केही क्लबसँग समेत प्रारम्भिक कुरा भैरहेको जानकारी दिएका थिए।

उक्त प्रतियोगिताको अवधिमा पोखरा क्षेत्रका पूर्व राष्ट्रिय फुटबल खेलाडी र ए डिभिजनका खेलाडीहरुलाई फुटबलको विकासमा योगदानको कदर गर्दै सम्मान समेत गरिने संयोजक गुरुङले जानकारी दिए।

त्यस्तै खेल संयोजक आशिष क्षेत्रीले उक्त प्रतियोगितामा नेपालभरबाट दर्ता भएका क्लबहरुले मात्रै दर्ता पाउने बताए । उनले उक्त प्रतियोगितामा टिम दर्ताका लागि १५ हजार निर्धारण समेत गरिएको बताए । उनका अनुसार उक्त प्रतियोगिताको क्वाटरफाईनल खेलबाट म्यान अफ द म्याचको आकर्षक ट्रफीद्वारा खेलाडीलाई पुरस्कृत समेत गरिनेछ । सो प्रतियोगितामा देशभरबाट ३० टिम बढिको सहभागिता रहने र करिब १२ लाख खर्च हुने आयोजकले अपेक्षा लिएको छ।

## प्रधानमन्त्रीले...

लागि पोखरा रङ्गशालाको विभिन्न स्थानमा स्वागतद्धारसहित राष्ट्रिय झन्डाले रङ्गशाला सिँगारिएको छ। प्रधानमन्त्री ओली सोमबार पोखरा विमानस्थलमा अवतरणपछि नदीपुरस्थित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन शिलान्यास गर्ने कार्यक्रम छ।

त्यसपछि उहाँ पार्टीको प्रदेश कमिटीले पोखरा सभागृहमा आयोजना गरेको प्रदेशस्तरीय कार्यकर्ता भेलामा सहभागी बन्नुहुने नेकपा प्रदेश कमिटीका सचिव गोविन्द नेपालीले जानकारी दिए।

कार्यकर्ता भेलालाई सम्बोधनपछि प्रधानमन्त्री ओली पोखरा रङ्गशाला जाने कार्यक्रम तय गरिएको छ।


**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड–१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।**

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु–सूचीत गरौं ।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।


**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**






**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक।
– शेखसादी

## सम्पादकीय

# समृद्धिका सारथीको स्मरण

कास्कीका जनतले निर्वाचित प्रतिनिधि, नेकपाले युवा नेता रवीन्द्र अधिकारीलाई गुमाएको दुई वर्ष पुगेको छ। नयाँ विमानस्थल निर्माणको काममा लागेको बेला हेलिकप्टर दुर्घटनामा परेर विकासप्रेमी नेताको निघन भएको अवधि छोटो जस्तो देखिए पनि उनले गरेको कामले धेरैलाई स्मरण गराईरहेको छ। एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हुँदा मन्त्री अधिकारीसहित हेलिकप्टरमा सवार ७ जनाको मृत्यू भएको थियो। पर्यटनमन्त्री अधिकारीका साथ उनका अंगरक्षक अर्जुन घिमिरे, प्रधानमन्त्रीका स्वकीय सचिव युवराज दाहाल, यति एयरका मालिक आङछिरिङ शेर्पा, नागरिक उड्यन प्राधिकरणमा उपमहानिर्देशक बिरेन्द्रकुमार श्रेष्ठ, प्राधिकरणकै निर्देशक ध्रुव दास, र चालक प्रभाकर श्रेष्ठ रहेका थिए।

ताप्लेजुङको फुङलिङ नगरपालिका- १० सिस्ने भन्ने ठाउँमा हेलिकप्टर दुर्घटना भएको थियो। छानबिन समितिले दुर्घटनाको कारण चालक र अन्य यात्रुलाई औल्याएको छ। देशको समृद्धिको नारा बोकेको प्रधानमन्त्रीले भरोसा गरेको सारथि गुमाउनु पीडा देशले भोगेको छ। देशकै चर्चित पृथ्वीनारायण क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सभापति बनेर नेतृत्वको क्षमता देखाएका कारण २०५३ सालमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस किर्तिपुरमा स्ववियु सभापतिमा निर्वाचित भएका थिए। २०५६ सालमा अनेरास्ववियुका केन्द्रीय अध्यक्ष भएका अधिकारी कै पालामा बिद्यार्थीले सार्वजनिक यातायातमा ४५ प्रतिशत छुट, साहाज्यादा पारस बिरुद्ध हस्ताक्षर संकलन, कालापानी मार्च गरेर लोकप्रिय काम गरेका थिए। उनले गरेको काम कै कारण धेरैले आसु बगाएर उपनिर्वाचनमा त्यति नै मतान्तरमा श्रीमती बिद्या भट्टराईलाई जिताएर पठाए। केहिले मन्त्री बनेदेखि नै खेद्ने र समृद्धिको अभियानलाई रोकन गरेको यावत प्रयत्न जनताले असफल पारिदिए। प्रतिनिधी सभामा बिद्यालाई जिताएर रबीन्द्रलाई लगाएका आरोप जनताले खारेज गरिदिएका छन। उनको योजना कार्यान्वयन गर्न विद्यालाई जिताएका हुन। ०६२/६३ को अन्दोलन र त्यस अगाडिको प्रतिगमन बिरुद्दको आन्दोलनमा पटक-पटक गरी पांच महिना जेल बसेका उनी पार्टीको राष्ट्रिय परिषद् सदस्य, हुदै केन्द्रीय सदस्य बनेर नेतृत्वमा छाएका थिए।

२०६४ देखि २०७० साल सम्म निरन्तर संविधानसभा सदस्यमा प्रत्यक्षतर्फ कास्की क्षेत्र नं ३ बाट निर्वाचित भएपछि संसदमा सक्रिय भूमिका निर्वाह गरेका थिए। सार्वजनिक लेखा र विकास समितिको सभापति रहेर खेलेको भूमिकाकै कारण उनलाई राष्ट्रिय राजनीतिको केन्द्र भागमा ल्याएको हो। २०७४ सालको संघीय संसदमा कास्की क्षेत्र नं २ बाट निर्वाचित भएपछि अधिकारी, नेपाल सरकारको संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री बनेर कास्की र गण्डकी प्रदेशले कहिल्यै नर्बिसने छाप छोडेका छन्। उनको योगदानलाई चिरस्थायी बनाउन रबिन्द्र अधिकारी स्मृति प्रतिष्ठान गठन भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले उद्धाटन गरेको प्रतिष्ठानले रचनात्मक काम गर्नुपर्ने मार्गचित्र ल्याएको छ। रबीन्द्रले सधै विकास र समृद्धिमा जोड दिए। त्यसैमा दत्तचित्त भएर लागे कसै प्रति आग्रह पूर्वाग्रह राखेनन्। दाउपेचको राजनीति गरेनन्।

सरकारमा रहेको बेला पनि दाउपेचको राजनीति र अस्थीरता निम्त्याउने काम गर्नेहरु रबीन्द्रका विरुद्ध कसरी लागेका रहेछन् भन्ने खुल्दै गएको छ। रबीन्द्रले षड्यन्त्रको जालो तोड्दै जनतासंग घुलमिल हुने, सबैसंग नम्रता देखाउने, विकास निमार्णकका काममा लगनशिलता र पार्टी प्रति प्रतिबद्ध रहे। नेतृत्वलाई अपदस्त गर्न खोज्ने प्रवृत्तिको सधैं प्रतिवाद गरे। रवीन्द्र स्मृति प्रतिष्ठान षड्यन्त्र, तिगडम र अनैतिक कार्यका विरुद्ध विकास समृद्धि र स्थिरताका पक्षमा पैरवी गर्नुपर्दछ। नेकपालाई विभाजित गरेर राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाउने, विदेशी प्रभाव बढाउने प्रवृत्ति र पात्रका विरोधमा नेपाली जनतालाई सचेत पार्ने काम भएमा रवीन्द्रले राखेको सोच र हिडेको बाटो पक्ष्याउनु अहिलेका लागि उपयुक्त हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# सामुदायिक सेवा केन्द्रको उदघोषण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

सामुदायिक सेवा केन्द्र एंव सामुदायिक प्रहरी सेवा पृथ्वीचोकले आयोजना गरेको त्रिदिवसीय उदघोषण तालिम सम्पन्न भएको छ।

पोखरा १५ लक्ष्मीटोल आमा समुहको भवनमा शुक्रबारदेखि शुरु भएको तालिम आइतबार सम्पन्न भएको हो। तालिममा सहभागिहरुलाई प्रमाण पत्र वितरण गर्दै कार्यक्रमका प्रमुख अतिथि वडा नं. १५का वडाध्यक्ष प्रकाश पौडेलले तालिममले सहभागिहरुमा आत्मबल बढाउन सहयोग पुगेको बताए। संसार प्रस्तुतिकरणमा अडेको भन्दै घर परिवार समाज सवै ठाउँमा बोल्ने कला महत्वपूर्ण हुने उनको भनाई थियो।

सहभागिहरुलाई तालिममा सिकेका कुरालाई ब्यवहारमा उर्तान अध्यक्ष पौडेलले आग्रह गरे। आयोजक संस्थाका सल्लाहकार एवं पूर्व अध्यक्ष चिरञ्जीवी श्रेष्ठले समुदायमा दिने यस्ता तालिमले सभ्य समाज निर्माणमा सहयोग पुग्ने बताए। समाजमा विकृति विसंगति न्युनिकरण गरि शान्ति सुरक्षा अमयन चयन गराउनको लागि २०५७ साल देखि प्रहरी र स्थानीय जनताको



सहभागितामा आफुहरुले रचनात्मक काम गर्दै आएको बताए। तालिमका प्रशिक्षक पत्रकार घनश्याम पाण्डेय तालिम प्रभावकारी हुनुको मुख्यकारण सहभागिहरुकै सक्रिय सहभागिता रहेको जनाए। प्रशिक्षक एक माध्याम मात्रै रहेको भन्दै पाण्डेले सहभागिहरुको भित्र लुकेर रहेको प्रतिभालाई बाहिर ल्याउने काम तालिमले गरेको बताए। सामुदायिक सेवा केन्द्र एंव सामुदायिक प्रहरी सेवा पृथ्वीचोकका अध्यक्ष विपिन अधिकारीले आफुहरुको सेवा केन्द्र अन्तरगत वडानं ८,९ ,१० र १५ पर्ने भन्दै आगामी दिनमा पनि समुदायमा आवश्यक तालिम सञ्चालन गर्दै जाने बताए। केन्द्रका वडा नं १५ का संयोजक एवं तालिम संयोजक टकदेवी पुनले वडा नं १५ का लक्ष्मी टोल आमा समुह सहित तालिममा विभिन्न संघसस्थाका २८ जना महिला पुरुषको सहभागिता रहेको बताइन। तालिममा सहभागि मध्यका धनबहादुर पुन, कमला क्षेत्री,जसबहादुर गुरुङ,नरमायापुनले तालिम आफुहरुले सोचे भन्दा पनि प्रभावकारी भएको भन्दै आफुहरु आगामी दिनमा सामाजिक कार्यमा सक्रिय भएर लाग्ने प्रतिबद्धत्ता जनाए। तालिम लिएपछि आफुहरुमा आत्मविश्वास बढेको उनीहरुको भनाई थियो। तालिममा सहभागिहरुलाई सचिव कुमारी मुना बास्तोला, कोषाध्यक्ष हरि प्रसाद पाण्डेय लगायतले प्रमाणपत्र वितरण गरेका थिए। कार्यक्रमको सञ्चालन तालिममा सहभागी मिठु गोशलीले गरेकी थिइन।

# तनहुँ जलविद्युत् आयोजना : मजदूर आन्दोलित

**पोखरापत्र संवाददाता**
**तनहुँ, १६ फागुन**

१४० मेगावाट विद्युत् उत्पादन गर्न लागेको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-२ को ठेकेदार कम्पनी सिनो हाइड्रो कर्पोरेशनका व्यवस्थापक र कार्यरत मजदूरबीच तनाब भएको छ।

शुक्रबार राति विद्युत् गृहमा अपरेटर पुष्कर थापाले स्काभेटर सफा गर्ने क्रममा पानी उछिटिन गई एक चीनियाँ व्यक्ति भिजेपछि त्यसको प्रतिशोधमा चीनियाँ व्यक्तिले ढुङ्गा प्रहार गर्दा स्काभेटरको सिसा फुटेपछि कर्पोरेशनका व्यवस्थापक र मजदूरबीच तनाब उत्पन्न भएको हो।

सोही विषयलाई लिएर मजदूरले विगत लामो समयदेखि आयोजनासँग भएको सम्झौता कार्यान्वयन नभएको भन्दै करीब ४०० मजदूर आन्दोलनमा उत्रिएका छन्। आयोजनामा काम गर्दै आएका मजदूरले शनिबारदेखि निर्माण कार्यमा सहभागी नभएको सिनोहाइड्रो मजदूर युनियनका अध्यक्ष आशिष श्रेष्ठले बताउनुभयो।

दुवै पक्षबीच खतरा हुने देखिएकाले समस्या समाधान नहुँदासम्म काम रोकेर छलफलका माध्यमबाट सहजीकरण गर्न लागिएको बताइएको छ। वर्षमा १० प्रतिशतका दरले तलब वृद्धि गर्ने, सञ्चय कोषको व्यवस्था, जोखिम बहन अनुमति बहनलगायत माग राख्दै आएकामा सम्बोधन हुन नसकेको सरोकार समितिका सचिव कुशबहादुर थापाले जानकारी दिनुभयो। हाल निर्माण कार्य बन्द गरी आन्दोलनमा रहे पनि वार्ताको माध्यमबाट विवाद टुङ्ग्याउने गरी टोली गठन गरेर छलफल भइरहेको आयोजनाका उपनिर्देशक तुलसीप्रसाद सापकोटाले बताउनुभयो। तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रलाई चार समूहमा विभाजन गरी निर्माण कार्य थालेको छ। जिल्लाको साविकको झण्डै १८ गाउँ विकास समिति प्रभावित हुने सो आयोजनाले जनाएको छ। जलाशय क्षेत्रअन्तर्गत भीमाद, छाङ, माझकोट, ऋषिङ, रानीपोखरी, कोटदरबार, जामुने, साबुङभगवतीपुर, काहुँ शिवपुर र व्यास नगरपालिका रहेका छन्। त्यसैगरी बाँध, विद्युत् गृह, पानी निस्कासन सुरुङ र स्वीच वार्ड काँहु शिवपुर र व्यास नगरपालिकामा रहने छ।

आयोजनाको सुविधा संरचना (पहुँच मार्ग, बसोवास क्षेत्र, ब्याचिङ्ग वार्ड) काँहु शिवपुर र व्यास नगरपालिकामा रहेको छ भने तल्लोतटीय क्षेत्र काँहु शिवपुर, पोखरी भञ्ज्याङ, केशवटार, धरमपानी, बैदी, छिपछिपे, देवघाट र देउराली रहेको छ। आयोजनाको लम्बाइ १८ किलोमिटर रहने छ। पानीले भरिंदा पानीको अधिकतम सतह समुन्द्र सतहबाट ४१५ मिटर रहने छ।

# कालीगण्डकी करिडोर कालोपत्रेको शिलान्यास

**पोखरापत्र संवाददाता**
**पर्वत, १६ फागुन**

दुई छिमेकी मुलुक भारत र चीन जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत पर्वतको रानीपानीदेखि कुर्घाखण्डको २३ किलोमिटर सडक कालोपत्रे गर्ने कार्यको शिलान्यास गरिएको छ।

फलेवास नगरपालिका-६ देवीस्थानको ढिकमा आज आयोजित कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कालोपत्रे गर्ने कार्यको शिलान्यास गर्नुभयो। जिल्लाको बिहादी गाउँपालिका-३ रानीपानीदेखि फलेवास नगरपालिकाको कुर्घास्थित लमायखोलासम्मको खण्डका लागि आवश्यक रु एक अर्ब २३ करोड बजेट विनियोजन भएको छ। बजेट विनियोजनसँगै बहुवर्षीय ठेक्काका लागिसमेत अर्थमन्त्रालयले स्वीकृत दिएपछि सडक कालोपत्रेको काम शुरु हुन लागेको हो। दुई सातापछि सडक कालोपत्रेको काम तीव्र गतिमा हुने आयोजना प्रमुख सुबोध देवकोटाले जानकारी दिनुभयो। सो अवसरमा राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिनाले आफूले निर्वाचनअघि गरेका बाचाहरु पूरा हुँदै गएको बताउनुभयो। उहाँले अब पर्वत जिल्ला सडक सञ्जालले समृद्ध बनेको बताउँदै कुनै पनि पालिका र वडाहरुमा जाँदा कच्ची बाटोमा हिँड्नुपर्ने अवस्था नआउने उल्लेख गर्नुभयो। कार्यक्रममा प्रतिनिधिसभा सदस्य पद्म गिरी, गण्डकी प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्साल, जिल्ला समन्वय समिति पर्वतका प्रमुख मनोहर बी पौडेल, फलेवास नगरपालिकाका प्रमुख पद्मपाणि शर्मा, विहादी गाउँपालिकाका अध्यक्ष कमल भुसाललगायतले पनि जिल्लाका विकास निर्माणका बारेमा बोल्नुभएको थियो। करिडोर आयोजना पाल्पाका प्रमुख सुबोध देवकोटाले दुई वर्षभित्र सडकको सबै काम सम्पन्न गर्ने बताउनुभयो।

उहाँले सडकको गुणस्तरमा कुनै सम्झौता नहुने बताउँदै सो खण्डको लमायखोलामा पक्की पुल निर्माणमा त्रुटि भएकाले पुनः अर्को पुल निर्माणका लागि पहल गर्ने बताउनुभयो।

# भानु जन्मस्थल पुनः सङ्घ मातहत

**पोखरापत्र संवाददाता**
**दमौली, १६ फागुन**

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको नाममा गठन भएको भानु जन्मस्थल विकास समिति पुनः सङ्घीय सरकार मातहत आएको छ।

सङ्घीयता कार्यान्वयनसँगै स्थानीय तह मातहत राखिएको विकास समितिलाई पुनःसङ्घीय सरकार मातहत राखिएको हो। शुक्रबार भएको निर्णयसँगै भानु जन्मस्थल विकास समितिको सम्पूर्ण जिम्मा अब सङ्घीय सरकारले गर्ने तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठले जानकारी दिनुभयो।

"स्थानीयस्तरबाट पनि जन्मस्थललाई सङ्घीय सरकार मातहत राख्न माग भइरहेको थियो, लामो समयको प्रयासपछि उक्त कामले सार्थकता पाएको छ," श्रेष्ठले भन्नुभयो। सङ्घीयता कार्यान्वयनसँगै स्थानीय सरकार मातहत आएको विकास समितिलाई सङ्घ सरकार मातहत नै राखेर थप व्यवस्थित बनाउनुपर्ने आवाज उठेको थियो। भानु नगरपालिकाका प्रमुख उदयराज गौलीले विकास समितिलाई नगरपालिका मातहत राखिएको परिपत्र मन्त्रालयबाट प्राप्त भए पनि आफूहरुले यसलाई सङ्घ सरकार मातहत नै राख्न पटकपटक ध्यानाकर्षण गराएको बताउनुभयो। यसअगाडि जन्मस्थल विकास समितिलाई सङ्घ सरकार मातहत नै राख्न प्रधानमन्त्री केपी शर्मा ओलीको समेत ध्यानाकर्षण गराइएको थियो। भानु जन्मस्थल विकास समिति यतिबेला पदाधिकारीविहीन छ। समितिमा अध्यक्ष र कार्यकारी निर्देशक नियुक्त हुनुभएको छैन। भानुभक्त आचार्यको स्मृतिमा शिखरकटेरीमा रामायण भवन निर्माण भए पनि कसले संरक्षण गर्ने भन्ने द्विविधा रहँदै आएको थियो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रु तीन करोडको लागतमा रामायण भवन निर्माण भएको छ। शिखरकटेरीमा निर्माण गर्ने भनिएको भानुगृहको काम भने हालसम्म अगाडि बढ्न सकेको छैन। पश्चिमाञ्चल विकास मञ्चले भानु गृहको पुनःनिर्माणका लागि शिलान्यासमेत गरेको थियो। विसं २०७३ चैत २२ गते 'भानु शिखर कटेरी' को तत्कालीन मुख्य सचिव डा सोमलाल सुवेदी, पूर्व मुख्य सचिव लीलामणि पौडेल र पश्चिमाञ्चल विकास मञ्चका तत्कालीन अध्यक्ष रामकाजी कोनेले शिलान्यास गर्नुभएको थियो। भानृ गृह करीब रु ६८ लाखको लागतमा निर्माण हुने भनिए पनि अझै निर्माण शुरु नभएको भानु जन्मस्थल विकास समितिका निवर्तमान कार्यकारी निर्देशक शङ्कर रानाभाटले बताउनुभयो। विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा 'आदिकवि भानुभक्त' नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर पुनःनिर्माण गरिएको थियो। जङ्गलबीचको खरको छानोको घरमा विसं २०६१ जेठमा आगलागी भएको थियो।

# गलेश्वर मन्दिर पित्तलले छाइने

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ फागुन**

बेनी नगरपालिका-९ स्थित गलेश्वरको शिवालय मन्दिरको छाना फेरिने भएको छ।

गलेश्वर शिवालय क्षेत्र विकास कोषको शनिबार सम्पन्न १५औं कार्यकारी सभाले मन्दिरको छानालाई पित्तलले छाउने निर्णय गरेको हो। मन्दिरको छाना छाउन कोषका आजीवन सदस्य रमेश शर्माले साधारणसभामा रु पाँच लाख ५५ हजार ५५५ आर्थिक सहयोग गर्ने घोषणा गर्नुभयो। मन्दिरको छाना हाल सिमेन्टको छ। कोषका सदस्यसचिव माधवप्रसाद रेग्मीले बाँकी कोषको आन्तिरक स्रोतबाट मन्दिरको छाना परिवर्तन गरिने बताउनुभयो। शर्माका बुवा राधाकृष्ण पराजुलीले विसं २०५५ मा रु २० लाख खर्चेर मन्दिर निर्माण गर्नुभएको थियो। पित्तलको छाना राख्न रु २५ लाख लागत अनुमान गरिएको छ। हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ प्रवेशद्धारका रूपमा परिचित गलेश्वर म्याग्दीको प्रमुख धार्मिकस्थल हो। कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वरमा शिवालय मन्दिर छ। हिन्दू धर्मगन्थ्रमा गलेश्वरमा सतिदेवीको गला पतन भएको उल्लेख छ। साउन महिनाको सोमबार, बालाचतुर्दशी र महाशिवरात्रि पर्वमा मेला लाग्ने गलेश्वरमा दैनिक पूजाआज हुन्छ। गलेश्वरमा पूजाआजा र दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास रहेको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो।

सभामा गलेश्वर शिवालय क्षेत्र विकास कोषका कोषाध्यक्ष बमबहादुर पुनले पुस मसान्तसम्म गत वर्षको समेत गरी रु दुई करोड ८६ लाख २० हजार ७२८ आम्दानी र रु १९ लाख ६७ हजार ८१४ खर्च भएको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। कोषको कूल बचत रु दुई करोड ६६ लाख ५२ हजार ९१३ बचत रहेको उहाँले बताउनुभयो।

# कोरोनाबाट विदेशमा थप तीन नेपालीको निधन

**रासस**
**काठमाडौं, १६ फागुन**

कोभिड-१९ को सङ्क्रमणबाट विदेशमा यो साता थप तीन नेपालीको निधन भएको छ। गैरआवासीय नेपाली सङ्घका अनुसार यो साता यूएईमा दुई र पोर्चुगलमा एक जनाको सङ्क्रमणबाट निधन भएको हो। योसहित २१ देशमा कोरोना सङ्क्रमणले निधन हुने नेपालीको सङ्ख्या ३३९ जना पुगेको छ।

गैरआवासीय नेपाली सङ्घअन्तर्गतको स्वास्थ्य समितिका अनुसार शनिबार साँझसम्म विभिन्न ५३ देशमा रहेका ६२ हजार ४०१ नेपालीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। तीमध्ये ६० हजार १२४ कोरोना सङ्क्रमणमुक्त भएका छन्।

सङ्क्रमणमुक्त हुने दर ९६ दशमलव तीन प्रतिशत रहेको गैरआवासीय नेपाली सङ्घ, 'कोभिड-१९' उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले बताउनुभएको छ। सङ्घको स्वास्थ्य समितिका संयोजक सञ्जीव सापकोटाका अनुसार पोर्चुगल, फ्रान्स, युएई, साउदी अरब र कतारमा रहेका थप नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ। यो साता इटाली, युक्रेनका नेपालीमा पहिलो पटक सङ्क्रमण देखिएको हो। यस्तै कोरोना भाइरसका कारण नेपालमा दुई हजार ६१ को निधन भएको छ।


**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३



## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौं।

नाम: बबि राना
बीमा लेख न: ०६१०००१४६७६
नाम: सजिना तिवारी
बीमा लेख न: ०६१००१४३४८

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा फोन: ०६१-५२४४५०

# कृषक भन्छन्: लाखुले दिएको दु:ख कसले सुनिदिने

-वासुदेव पौडेल
पोखरा, १६ फागुन (रासस)

"कि लाखु मास, कि हामीलाई नाश", तनहुँको शुक्लागण्डकी नगरपालिका-१ चुया विसौनाकी ज्येष्ठ नागरिक देउमाया भुजेलले भन्नुभएको यो उक्ति झट्ट सुन्दा अप्रिय लागे पनि यस भनाइमा बाँदरले सताएका धेरै पीडा र व्यथा लुकेका छन् ।

देउमायाको मात्रै होइन बाँदरका कारण कृषकले भोग्दै आएको समस्या यतिखेर राष्ट्रिय समस्या जस्तै बनेको छ । बाँच्नका लागि आवश्यक खाद्यान्न बाँदरले खाइदिएपछि जीविकोपार्जनमा धौधौ हुने गरेको कृषकको गुनासो छ ।दुःख गरेर लगाएको बाली बाँदरले खाइदिन थालेपछि खाद्यान्न समस्या झेल्दै आएका तनहुँ, कास्कीसहित समग्र गण्डकी प्रदेशकै कृषक यतिखेर घरघरमा नै बाँदर पस्न थालेपछि थप समस्यामा छन् । गाउँघरमा बाँदरलाई स्थानीय भाषामा लाखु भन्ने गरिन्छ । खेतबारीमा लगाएको बाली त भित्र्याउन पाएका छैनन् नै जेनतेन बजारबाट खरीद गरेर ल्याएको खाद्यान्न पनि बाँदर घरमा नै पसेर खाइदिन थालेपछि सर्वसाधारणलाई थप चिन्तित बनाएको हो । बाँदरले कृषकले लगाएको बाली सखाप पार्न थालेसँगै व्यावसायिक कृषिको विकल्प सोच्नुपर्ने अवस्था आएको कृषक बताउँछन् ।

गाउँघरमा यतिखेर मकै लगाउने चटारो हुँदाहुँदै पनि लगाएको बाली जोगाउन सकिने हो की होइन भन्ने द्विविधामा कृषक छन् । विगतका वर्षमा बारीमा मकै छरेपछि बाँदरले बीउसमेत खोस्रिएर खाइदिएको नमिठो अनुभवका कारण कतिपय त यसवर्ष मकै नै लगाउने वा नलगाउने भन्ने दोधारमा परिरहेको कृषकले बताए । विगतका वर्षमा बाँदर धपाएर पनि बालीको संरक्षण गर्न सकिने गरेकोमा पछिल्ला दिनमा धपाउन जाँदा उल्टै बाँदरले आक्रमण गर्न थालेको अर्का स्थानीय युवा भगवान् सिंह भुजेलले बताउनुभयो । पहिले पहिले त धपाएपछि बाँदर भाग्ने गरेको र अहिले भने उल्टै कोपर्न आउने गरेको उहाँले अनुभव सुनाउनुभयो ।

वन्यजन्तु संरक्षण ऐनले बाँदरलाई मार्न नपाइने जनावरका रूपमा सूचीकृत गरेको छ । कृषकले राज्यले बालीनालीको उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गर्दै आएका छन् । बाँदरले गाउँगाउँमा आतङ्कित बनाएपछि यसको व्यवस्थापनको माग गर्दै सर्वोच्च अदालतमा निवेदन दरपिठसमेत गरिएकोमा सर्वोच्चले कृषकलाई क्षतिपूर्ति दिने आशयको फैसला सुनाइसकेको छ । कृषकको समस्यालाई दृष्टिगत गर्दै बाँदरको नियन्त्रण एवं क्षतिपूर्तिको मागसहित सर्वोच्च अदालतमा कृषकका तर्फबाट मुद्दा दायर गरिएकोमा अघिल्लो वर्ष क्षतिपूर्ति पाउने आशयको फैसला सुनाइएको अगुवा कृषक एवं कृषि सञ्जाल पोखरा महानगरपालिका-२२ का अध्यक्ष खेमराज बरालले बताउनुभयो । "बाँदरका कारण क्षति व्यहोरेका कृषकले क्षतिपूर्ति पाउने आशयको सर्वोच्च अदालतबाट फैसला भएको छ", उहाँले भन्नुभयो, "अघिल्लो वर्ष कोरोना महामारीका कारण पनि यसको कार्यान्वयन गराउनतर्फ लाग्न सकिएन, आगामी दिनमा यसको कार्यान्वयन गराउनका लागि सक्रियता देखाउनुपर्ने भएको छ ।" बाँदरले खाद्यान्न, तरकारी बाली र फलफूलखेती नष्ट गरिदिए पनि सरकार एवं सम्बन्धित निकाय मौन बनेको भन्दै कास्कीका किसानले २०७३ मा मुद्दा दायर गरेका थिए । बाँदर आतङ्कका कारण खेती बाँझै छाडेर गाउँ छाड्नुपर्ने अवस्था आएको जनाउँदै राष्ट्रिय कृषक समूह महासङ्घ कास्कीका तर्फबाट रिट निवेदन दिइएको थियो । बाँदरका कारण कृषक सधैँ समस्यामा पर्ने र कुनै किसिमको राहत तथा सहयोग नपाउने अवस्थाको तत्काल अन्त्यका लागि सर्वोच्चको आदेश कार्यान्वयन हुनुपर्ने कृषक बताउँछन् । कृषक ठूलो समस्यामा परे पनि सरकारी निकायबाट कुनै किसिमको सहयोग पाउन नसकिएको र सम्बन्धित निकायमा खबर गरे पनि त्यसको पूर्ण बेवास्ता गर्ने गरिएको गुनासो छ । राज्य अझै पनि कृषकमैत्री बन्न नसकेको शुक्लागण्डकी-१ तल्लोपोखरीमा सुवेदी कृषि फर्म सञ्चालन गर्दै आउनुभएका अगुवा कृषक भेषराज सुवेदीले बताउनुभयो । "स्वदेशमा नै केही गरौँ भनी व्यावसायिक कृषिमा लाग्ने युवा बाँदरलगायतका विभिन्न समस्याले ग्रसित छन्", उहाँले भन्नुभयो, "कृषितर्फको आकर्षण बढाउने हो भने बाँदरजन्य समस्याको व्यवस्थापनका साथै अन्य प्रोत्साहनका कार्यक्रम ल्याउनु आवश्यक छ ।" कृषकले बाँदरको व्यवस्थापन एवं क्षतिपूर्तिको माग गर्दै आए पनि त्यस सम्बन्धमा स्पष्ट नीति तयार नहुँदा उनीहरूले अहिलेसम्म कहीँ कतैबाट राहत तथा क्षतिपूर्ति पाउन सकेका छैनन् । तनहुँको शुक्लागण्डकीका साथै कास्कीका पुम्दीभुम्दी, भरतपोखरी, निर्मलपोखरी, लाहाचोक, घाचोकलगायतका कृषक बाँदरबाट पीडित बनेका छन् । पुम्दीभुम्दी, घाचोक, लाहाचोकका साथै भरतपोखरीका बरमाझथर, बाँसपानी, चाउका, आँगेटारी, हुँडिकोटलगायतका स्थानमा बाँदरले विगत तीन वर्षयता आतङ्कित नै बनाएको छ । बर्सातमा मकै भित्र्याउन नपाउने कृषकले हिउँदे तरकारी तथा फलफूलसमेत जोगाउन पाएका छैनन् ।बाँदरकै कारण कतिपय कृषक व्यवसाय नै परिवर्तन गर्न बाध्य भएका छन् । तराईमा हात्तीका कारण बालीनालीमा क्षति हुँदा कृषकले क्षतिपूर्ति पाउने गरे पनि वर्षौँदेखि बाँदरका कारण क्षति बेहोरेका यहाँका कृषकले क्षतिपूर्ति पाउन नसकेको कृषकको गुनासो छ । बाँदर नियन्त्रणका लागि प्रयोग गरिने परम्परागत टिन ठटाउने, कुकुरको प्रयोग गर्ने जस्ता विधिप्रविधि पछिल्ला वर्षमा बाँदरले टेर्न छाडेको कृषकको अनुभव छ । पोखरा महानगरपालिका-३३ को आँगेटारी, नाङ्गे चौर, गैँडाँडा, कइनथानलगायत क्षेत्रमा अघिल्ला वर्ष मकै लगाउन शुरु गरेदेखि बाँदरबाट जोगाउन बारीमा गएर शङ्ख फुकिएको भए पनि मकै भने जोगाउन नसकिएको कृषकको अनुभव छ । मकैमा धानचमरा आउँदादेखि नै बाँदरले नछाडे पनि तै धपाउन सकिन्छ कि भन्दै कृषकले शङ्ख फुक्ने गरेका थिए । बूढापाकाले बाँदरले केरा खाँदैन भन्ने गरेको बताउने स्थानीयवासीले अहिले भने केरा पनि खाने गरेको बताए ।

बाँदर आतङ्कले हैरान किसानको मागलाई सम्बोधन गर्न कास्कीको रुपा गाउँपालिकाले नेपालमा नै पहिलो पटक बाँदर नियन्त्रण तथा विस्थापनका लागि रु १० लाख विनियोजन गरेको थियो । बजेट विनियोजन भई बाँदर समाउने योजना बनाइएकोमा अघिल्लो वर्ष कोरोना महामारीका कारण त्यसको कार्यान्वयन हुन नसकेको गाउँपालिकाकाअध्यक्षनवराजओझाले बताउनुभयो । "बाँदरको व्यवस्थापन अहिलेको प्रमुख चुनौती हो, यसका लागि राज्यले आफ्नो विद्यमान ऐन तथा नियमलाई व्यवहारिक बनाउनु आवश्यक छ", उहाँले भन्नुभयो, "पहिलो प्राथमिकता भनेको मानव अधिकार नै हो, त्यसपछि वन्यजन्तुको अधिकार हो ।" मानव अधिकारलाई दृष्टिगत गर्दै 'इको सिस्टम' नबिग्रने किसिमले बाँदरको व्यवस्थापन गर्नेतर्फ सरकारले पहलकदमी लिनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । बाँदरले बालीनालीदेखि फलफूलसमेत खाने तथा नष्ट गरेर हैरान परेको गुनासो आएपछि आफूहरूले बजेट विनियोजन गरेको अध्यक्ष ओझाले बताउनुभयो । गाउँपालिकाले बाँदरलाई नियन्त्रणमा लिएर राष्ट्रिय निकुञ्जमा पुर्‍याएर छाड्ने योजना बनाएको थियो ।

पछिल्ला वर्षमा गाउँबाट सर्वसाधारण विभिन्न सेवा, पेशा तथा व्यवसायका साथै अन्य सुविधाको खोजीमा शहर केन्द्रित हुँदै गएर खेतीयोग्य जमीन बाझिँदा वन, जङ्गल बढ्दै गएका कारण पनि बाँदरले घरसम्मै पुगेर सताउने गरेका छन् ।

# लायन्स क्लब अफ पोखरा फेवा लेक सिटीको रक्तदान

विनय पौडेल
पोखरा, १६ फागुन



लायन्स क्लब अब पोखरा फेवा लेकसिटीको आयोजनामा पृथ्वीचोकमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाईटि कास्कि, क्षत्रीय रक्त सञ्चार सेवा पोखरा तथा ऐनसेलको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न भयो । रक्तदान कार्यक्रममा कुल १९२ युनिट रगत संकलन भएको कार्यक्रमका अध्यक्ष होमराज भट्टराईले जानकारी दिए । डिष्टिक गर्भनर ३२५ बि १ नेपाल मन बहादुर रोकाको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सञ्चालन तथा ऐनसेलको रक्तदाताहरुलाई निःशुल्क सिम बितरण गरिएको थियो । आयोजकको अपेक्षा भन्दा बढि रक्तदाताहरु सहभागी भएपछि आयोजक समुह खुसी भएको कार्यक्रमका अध्यक्ष होमराज भट्टराईले बताए । मानब जीबनका निम्ति जुनसुकै समयमा आईपर्ने सम्भावित दुर्घटनालाई ख्याल गर्दै समय समयमा लायन्स क्लब तथा नेपाल रेडक्रस सोसाईटिले रक्तदान कार्यक्रम सञ्चालन गर्दै आएका छन् । पोखराका प्रमुख अस्पतालमा रगतको अभाव हुन नदिन रक्तदान कार्यक्रम गरेको कार्यक्रम संयोजक बिजय रेग्मि बताए । विद्यार्थी पत्रकार

# नवीन सहकारीले मनायो १४ औं वार्षिकोत्सव

विनय पौडेल
पोखरा, १६ फागुन




पोखरा-४ गैह्रापाटनस्थित नवीन बचत तथा ऋण सहकारी संस्था लि. ले स्थापनाको १४ औं वार्षिकोत्सव मनाएको छ ।

सो अवसरमा सहकारीले पोखरा ३, नदीपुरस्थित श्री महर्षि गुरुकुल विद्याश्रममा खाद्यान्न वितरण गरेको छ । संस्थाका अध्यक्ष गेहेन्द्रश्वर कोइरालाले विद्याश्रम समितिका अध्यक्ष रामचन्द्र पौडेललाई ती सामग्री हस्तान्तरण गरे । सहयोगप्रति आभार प्रकट गर्दै पौडेलले सहकारीको उन्नतिको कामना गरे । सहकारी अध्यक्ष कोइरालाले संस्थाको बारेमा जानकारी गराउँदै २०६४ सालमा स्थापित संस्थाले हरेक वर्ष फागुन १६ लाई संस्थाले स्थापना दिवसको रुपमा मनाउँदै आएको बताए । कार्यक्रममा संस्थाका पदाधिकारी सदस्य एवं कर्मचारी लगायतको उपस्थिति थियो । कार्यक्रम संचालन सहकारीका सचिव नारायणप्रसाद कोइरालाले गरेका थिए । यसैबीच वार्षिकोत्सव अवसरमा सेवा लिन आएका पहिलो शेयर सदस्य रामबहादुर कोइराला र संस्थामा आर्थिक कारोबार गर्ने ग्राहक राधा पौडेललाई व्यवस्थापक सज्जन कोइरालाले खादा लगाइ सम्मान गरेका थिए ।

# केरुङ नाका सोमबारदेखि सञ्चालन हुँदै

रासस
काठमाडौं, १६ फागुन

चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका सोमबारदेखि पुनःसञ्चालन हुने भएको छ । चीनमा वसन्त उत्सव समाप्त भएसँगै ल्होसारदेखि बन्द रहेको केरुङ नाका भोलिदेखि खुल्न लागेको हो । सरकारले सीमा नाका खुलाउन चीनसँग गरेको प्रभावकारी कूटनीतिक प्रयासको परिणामस्वरुप उक्त नाका पुनःसञ्चालनमा आउन लागेको हो । "सोमबारदेखि नै नाका खोल्न चिनियाँ पक्ष सहमत भएको छ, प्राविधिक कारणले एक/दुई दिन विलम्ब भए पनि यो साताभित्र केरुङ नाका सञ्चालनमा आउँछ", परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले भन्नुभयो । रसुवा जिल्ला कोरोनामुक्त भइसकेको र भन्सार कार्यालय, सुरक्षा निकाय, ट्रक चालक र श्रमिकले कोरोनाविरुद्धको खोप लगाइसकेकाले महामारीको जोखिम नगण्य रहेको वास्तविकता चीनलाई बुझाउन तथा स्वास्थ्य जोखिम नरहेको विषयमा विश्वस्त पार्न परराष्ट्र मन्त्रालय र ल्हासास्थित महावाणिज्य दूतावासले निक्कै मेहनत गर्नुपरेको थियो ।

# कैदीबन्दीबीच झडप हुँदा पाँच घाइते

पोखरापत्र संवाददाता
दमौली, १६ फागुन

दमौली कारागारमा रहेका कैदीबन्दीबीच आइतबार साँझ झडप हुँदा पाँच घाइते भएका छन् ।

झडपमा परी तीन नाइके र दुई कैदीबन्दी घाइते भएको दमौली कारागार प्रशासनले जनाएको छ ।

घाइते हुनेमा नाइकेतर्फ धनबहादुर शाही, अनुप थापा र ज्ञानबहादुर विक रहेका छन् । त्यसैगरी कैदीबन्दीतर्फ माधव कँडेल र कुलबहादुर तामाङ घाइते भएको प्रहरीले जनाएको छ । घाइते भएकामध्ये चारको दमौली अस्पतालमा र एकको दमौलीस्थित समाधान अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । कारागारमा हाल रहेका चौकीदार र नाइके हटाएर आफूले चाहेको व्यक्तिलाई राखिनुपर्ने मागमा उत्रिएका कैदीबन्दीबीच विवाद हुँदा झडप स्थिति भएको बताइएको छ ।

घटना पश्चात प्रमुख जिल्ला अधिकारी सागर आचार्य, प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक अरुण पौडेल, जेलर र कैदीबन्दीबीच कारागारमा छलफल भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**गण्डकी प्रदेश, पोखरा, नेपाल**

**सूचना! सूचना!! सूचना!!!**

**प्रथम पटक प्रकाशित मिति: २०७७/११/१७**

यस निर्देशनालयबाट मिति २०७७/०६/२१ मा प्रकाशित सूचना बमोजिम कोभिड-१९ का कारण वैदेशिक रोजगारबाट फर्किएका, वैदेशिक रोजगारमा जान नपाएका वा स्वदेशमै रोजगारी गुमाई वेरोजगार भएकाहरुका लागि विभिन्न सीपमुलक तालिममा सहभागी हुन सूचना प्रकाशित भएकोमा सो अनुसार सहभागी हुन दरखास्त पेश गरेका इच्छुक उम्मेद्वारहरुलाई उक्त तालिमहरुमा सहभागी हुन ७ (सात) दिन भित्र कोभिड-१९ का कारण वैदेशिक रोजगारवाट फर्किएका, वैदेशिक रोजगारमा जान नपाएका वा स्वदेशमै रोजगारी गुमाई वेरोजगार भएको भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र सहित यस निर्देशनालयमा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा कोभिड-१९ बाट प्रभावित अन्य उम्मेद्वारहरुलाई सम्बन्धित स्थानिय तहको सिफारिसको आधारमा तालिममा सहभागी गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।



**Council for Technical Education and Vocational Training**

**Pokhara Technical School**

**Fulbari-12, Pokhara, Kaski**

**Invitation for Sealed Quotations ForThe Construction of Production Unit**

**Contract Identification No: CTEVT/PTS/SQ/02-2077-78**

**Date of First Publication: 2077/11/17**

1. The Pokhara Technical School, CTEVT invites sealed quotations for the construction of Production Unitof Pokhara Technical School, Pokhara, Kaski.The estimated amount for the works is NRs. 14,97,403.41 (including VAT and PS).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Pokhara Technical School, CTEVT, Fulbari, Pokhara-12, Kaski, Tel: +61-528040
3. A complete set of Bidding Documents may be purchased from the office Pokhara Technical School, CTEVT, Fulbari, Pokhara-12, Kaski, Tel: +61-528040 by eligible Bidders on the submission of a written applicationand also the copy of company/firm registration certificate along with original bank deposit voucher of a non-refundable fee of NRs. 1000.00 of RBB Bank Mahendrapool branch A/C No.3430100006466001,till2ndChaitra 2077 B.S , during office hours.
4. Sealed bids must be submitted to the office Pokhara Technical School, CTEVT, Fulbari, Pokhara-12, Kaski, Tel: +61-528040 byhand on or before 12.00 PM on 3rdChaitra 2077 B.S. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 PM on 3rdChaitra 2077 B.S. at the office of Pokhara Technical School, CTEVT, Fulbari, Pokhara-12, Kaski. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 45,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**For further information please contact:**

**To The Principal,**
**Pokhara Technical School, Pokhara, Kaski**
**Phone Number : 061528040**
**www.ptspokhara.edu.np**